# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८२।८३
चलानी नम्बर :

## स्वच्छ चुल्हो कार्यक्रम सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति:२०८२।१२।०१)*

बाणगङ्गा नगरपालिकाले हरित जलवायु कोष र वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको सहकार्यमा स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयन गर्ने गरी ५ बर्षको लागि सम्झौता गरिएको र सोही कार्यक्रम अन्तर्गत ३ वटा खाना पकाउने प्रविधि विद्युतीय चुल्हो, तह ३+ को सुधारिएको चुल्हो र ६ घ.मि को बायोग्याँस प्लान्टको प्रबर्द्धन गर्ने लक्ष्य रहेको छ। स्वच्छ चुल्हो कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताहरुबाट माग सङ्कलन गर्न यो सूचना प्रकाशन गरिएको छ। उपभोक्ताहरुले तीन वटा प्रविधि मध्ये कुनै एकमात्र प्रविधिको छनोट गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपशिल बमोजिमका सर्तहरुको अधिनमा रही सम्बन्धित वडामा तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

**सर्तहरु**

१. विद्युतीय चुल्होको हकमा सम्बन्धित उपभोकताहरुको घरमा १५ Amp को मिटर जडान भएको हकमा नागरिकता र बिजुली महशुल तिरेको बिल अनिवार्य हुनुपर्ने।
२. बायोग्याँस जडानको लागि कम्तिमा १ ओटा गाईवस्तु पालेको हुनपर्ने र नागरिकता अनिवार्य पेश गर्नु पर्ने छ।
३. उपभोक्ता विवरण सङ्कलन गर्दा घरमुली महिला, एकल महिला, दलित, जनजाती, अपाङ्गता र न्यून आय स्रोत भएकाहरुलाई पहिलो प्राथमिकता दिइने छ।
४. उपभोक्ता विवरण सङ्कलनको क्रममा एउटै घर परिवारमा दुई ओटा प्रविधी नपर्ने गरी माग सङ्कलन गर्नुपर्ने छ।

**प्रविधीगत लागत साझेदारी विवरण:**

| क्र.सं | प्रणाली | वैकल्पिक ऊर्जा प्रबद्धन केन्द्र (%) | स्थानिय तह (%) | हरित जलवायु कोष (%) | उपभोक्ता (%) |
|---|---|---|---|---|---|
| १ | विद्युतिय चुल्हो (Induction) | ४८ | १९ | १० | २३ |
| २ | तह ३ को सुधारिएको चुल्हो | ४० | १५ | ४० | ५ |
| ३ | घरायसी बायोग्याँस | ४८ | १० | २८ | १४ |

नोटः विद्युतीय चुल्होको हकमा उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम प्रति थानको रु ९२० मात्र। तह ३ सुधारिएको चुल्हो को हकमा उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम प्रति थान रु ३०० मात्र। घरायसी बायोग्याँसको हकमा उपभोक्ताले व्यहोर्नु पर्ने कुल रकम रु ९८०० वा सम्बन्धित कार्यको लागि खाडल तथा मिस्त्रीको व्यवस्था गर्नुपर्ने।

.......................................
भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत